पथरी शनिश्चरे नगरपालिका
मोरङ, प्रदेश नं १, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ४ | संख्या : २ | मिति : २०७७।१२।०४

भाग–१

पथरी शनिश्चरे नगरपालिका

## ऐनको नामः पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता ऐन, २०७७

नगरसभाबाट स्वीकृत मितिः २०७७।११।२८
प्रमाणिकरण मितिः २०७७।१२।०४

<u>प्रस्तावनाः</u> नेपालको संविधानको धारा १७ को उपधारा (२) (घ) ले प्रत्याभूत गरेको नागरिकको मौलिक हकको प्रयोग र सम्मानमा प्रतिबद्ध हुदै, स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित) को दफा ११ को उपदफा (४) को देहाय (ठ) (२) ले निर्दिष्ट गरेको स्थानीय स्तरका संघ संस्था दर्ता तथा नवीकरण सम्बन्धी अधिकार क्षेत्र भित्र रहेका स्थानीयस्तरको सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, सामुदायिक अध्ययन केन्द्र, खेलकुद, परोपकारी तथा एल्मुनाई, टोल विकास संस्था, क्लव तथा स्थायी प्रकृतिका उपभोक्ता समितिहरु समेतको स्थापना, दर्ता तथा नवीकरण गर्ने

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

सम्बन्धमा व्यबस्था गर्न वान्छनीय रहेकोले पथरी शनिश्चरे नगरपालिकाको नगर सभाले यो ऐन बनाई लागू गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:**

(१) यो ऐनको नाम "पथरी शनिश्चरे नगरपालिकाको संस्था दर्ता ऐन, २०७७" रहेको छ।

(२) यो ऐन नगर सभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

(३) यो ऐन पथरी शनिश्चरे नगरपालिका क्षेत्र भित्र मात्र लागू हुनेछ ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक, खेलकुद लगायतका परोपकारी कार्यहरुको विकास, विस्तार एवं प्रंवर्द्धन गर्ने उद्देश्यले स्थापना भएको गैरनाफामुलक संघ संस्था, क्लव, मण्डल, परिषद् अध्ययन केन्द्र तथा स्थायी प्रकृतिका उपभोक्ता समितिहरु लगायत सम्झनु पर्छ र सो शब्दले विकाश निर्माणसँग सम्वन्धित उद्देश्यले स्थापना भएको टोल विकास समिति समेतलाई जनाउँछ।

(२) " संस्था दर्ता अधिकारी " भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(३) " कार्य समिति " भन्नाले संस्थाको विधान अनुसार गठन भएको संस्थाको कार्य समिति सम्झनुपर्छ।

(४) " कार्यालय " भन्नाले पथरी शनिश्चरे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(५) " पदाधिकारी " भन्नाले संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यलाई समेत जनाउँछ।

(६) " तोकिएको वा तोकिए बमोजिम " भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

**३. दर्ता एवं नवीकरण नगरी संघ संस्था खोल्न र संचालन गर्न नहुने:** (संघीय एवं प्रदेश कानून बमोजिम दर्ता भएका संस्थाहरु बाहेक) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना तथा संचालन गर्नु हुदैन। साथै संघीय एवं प्रदेश कानून बमोजिम दर्ता भएका संस्थाहरु यस नगरपालिकामा तोकिएबमोजिम विवरण अद्यावधिक गरि संचालन गर्नुपर्ने छ ।

**४.संस्था दर्ता:**

(१) संस्था स्थापना गर्न चाहने कम्तिमा सात जना व्यक्तिहरुले संस्था सम्बन्धी देहायको बिबरण खुलाई संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता अधिकारी समक्ष निबेदन दिनुपर्नेछ।

(क) संस्थाको नाम

(ख) उद्देश्य, कार्य विवरण तथा कार्यक्षेत्र संस्थाको विधान

(ग) समितिको सदस्यको नाम, ठेगाना, पेशा, सम्पर्क नम्बर र नागरिकताको प्रमाणित प्रतिलिपि

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(घ) आर्थिक स्रोत

(ङ) संस्थाको कार्यालय रहने ठेगाना

(च) अन्य आवश्यक विवरण

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

(२) कुनै पनि संस्था दर्ता गर्दा कार्य समितिको गठन देहायका आधारमा हुनु पर्नेछः

(क) कम्तिमा एक तिहाई महिला हुनु पर्ने,

(ख) समावेशी सिद्धान्त अवलम्बन गर्न पर्ने,

(ग) अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक पदमा महिला हुन पर्ने।

(३) उपदफा (१) बमोजिम निबेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी स्वीकृत भएको एकप्रति विधान प्रमाणित गरी दर्ताको प्रमाण पत्र दिनेछ।

(४) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता गर्न नमिल्ने देखेमा सोको कारण सहित आवश्यक कागजात पुनः पेश गर्ने आदेश दिन सक्नेछ।

(५) संस्था दर्ता अधिकारीले उपदफा (४) बमोजिमको कागजात पेश गर्दा पनि त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निबेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र त्यस्तो निर्णय उपर नगर प्रमुख समक्ष उजुर गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको उजुर प्राप्त भएपछि नगर प्रमुखले आवश्यक जाँचवुझ गर्न लगाई त्यस्तो संस्था दर्ता गर्न मानसिव ठहराएमा सो संस्था दर्ता गर्न संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि संस्था दर्ता अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ।

(७) यस दफा बमोजिमको निवेदन, प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीरकण दस्तुर तोकिए बमोजिम हुनेछ।

**५. संगठित संस्था मानिनेः**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह अचल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न र बेचविखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

(४) कुनै पनि संस्थाले बढीमा दुईवटा विषयसँग मात्र सम्वन्धित रही कार्य गर्न सक्नेछ।

(५) कुनै पनि संस्थाले आफ्नो कुल बजेटको मुल हिस्सा लक्षित वर्गप्रति केन्द्रित गर्नु पर्नेछ।

**६. नवीकरण गर्नुपर्ने:** यस ऐन बमोजिम दर्ता भएको संस्थाले प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र तोकिएको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ। नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**७. संस्थाको उद्देश्यमा हेरफेर:**

(१) कुनै संस्थाले आफ्नो उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा त्यस्तो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाई सभाबाट प्रस्ताव पारित गर्न सक्नेछ ।

(२) साधारण सभामा उपस्थित सम्पूर्ण सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ ।

(३) एउटै उद्देश्य भएका संस्था एक आपसमा गाभिन चाहेमा संस्थाको कार्यसमितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्ने संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउन सक्नेछ।

(४) विशेष साधारण सभामा तत्काल कायम रहेका कुल सदस्य संख्याको दुई तिहाई सदस्यहले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।

तर सो प्रस्ताव लागू गर्न नगर कार्यपालिकाको कार्यालय समक्ष पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८. संस्थाको सम्पत्ती :**

(१) कुनै पनि संस्थाले आफ्नो सम्पत्ति सम्बन्धी विवरण दुरुस्त रुपमा राखी एकप्रति सम्वन्धित संस्था दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विपरित संस्थाको कुनै सम्पत्ति हिनामीना, दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगर कार्यपालिकाको कार्यालयलले स्थानीय प्रहरी प्रशासनको सहयोग लिई त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने, रोक्का गर्नेबाट फिर्ता लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ।

(३) उपदफा (१) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी नगर कार्यपालिकाको कार्यालयले ले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले नगर कार्यपालिका समक्ष उजुरी दिनसक्नेछ।

(४) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराधजन्य कार्य गरेमा त्यस्तो संस्था, संस्थाको कुनै सदस्य वा व्यक्ति विरुद्ध नगर कार्यपालिकाको कार्यालयले प्रचलित कानून बमोजिम मुद्दाको कारबाही चलाउने प्रकृया अगाडी बढाउन सक्नेछ।

**९. दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :**

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भएका संस्थाहरुले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम संस्था दर्ता गर्नुपर्नेछ।

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(२) यस अघि संघीय तथा प्रदेश ऐन बमोजिम दर्ता भएका यस नगरपालिकाको क्षेत्रभित्रका संघ संस्थाहरुले यो ऐन प्रारम्भ भएको मितिले ६ महिनाभित्रमा यस नगरपालिकामा आफ्नो प्रमाणित विधान एक प्रति संलग्न गरी तोकिएको दस्तुर तिरी अद्यावधिक गराउनु पर्नेछ।

(३) स्वीकृति नलिई कार्य गर्न नपाईने: संघीय एवं प्रदेश कानून बमोजिम दर्ता भएका तर त्यस्तो संस्थाको कार्य क्षेत्र यस नगरपालिका भित्र नपरेका संस्थाहरु वा राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले यस नगरपालिका क्षेत्रभित्र कार्य क्षेत्र निर्धारण गरी कुनै कार्य गर्न आएको अबस्थामा नगरपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमका संस्थाहरुले स्थानीय कुनै संस्थाको साझेदारीतामा मात्र आफ्नो कार्य संचालन गर्न सक्नेछ।

**१०. आर्थिक कारोवारको विवरण पठाउनुपर्ने:**

(१) कुनै संस्थाको कार्य समितिले आफ्नो संस्थाको आर्थिक कारोवारको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष आर्थिक वर्ष समाप्तिको तीन महिना भित्र नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

**११. लेखा जाँच गर्ने:**

(१) नगर कार्यपालिकाको कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्त गरेको कुनै अधिकारीबाट जाँच गराउन सक्नेछ।

(२) लेखा जांच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) लेखा जाँच गर्ने अधिकारीले नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको म्याद भित्र हिसाव जाँचको प्रतिवेदन नगर कार्यपालिकाको कार्यालय समक्ष पेस गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ती वा कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने लागेमा नगर कार्यपालिकाको कार्यालयले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल उपर गर्न प्रचलित कानूनबमोजिम कारबाही चलाउन सक्नेछ।

(४) संस्थाको वित्तीय विवरण दोहोरो लेखा प्रणाली अनुसारको ढाँचामा राख्नु पर्नेछ।

(५) प्रचलित सार्वजनिक खरिद ऐनको प्रतिकूल हुने गरी संस्थाले आर्थिक कारोवार गर्ने छैन।

(६) तीन वर्षसम्म लगातार नवीकरण नगर्ने र नियमित साधारण सभा नगर्ने संस्था उपर नगर कार्यपालिकाको कार्यालयले कारवाही गर्न सक्नेछ र पाँच वर्षसम्म नवीकरण नगर्ने संस्थाको सम्पत्ति नगर कार्यपालिकाको कार्यालयले जफत गर्न सक्नेछ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिनेछ।

**१२. निर्देशन दिने:** नगरकार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालयले संस्थालाई आबश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।



पथरी शनिश्चरे नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

अम्बिका प्रसाद घमला
प्रमुख प्रशासकीय अधिकृत

**१३. दण्ड सजाय:**

(१) दफा ४ वा दफा ६ वमोजिम दर्ता वा स्वीकृति नलिई वा नवीकरण नगरी संस्था संचालन गरेमा त्यस्तो संस्थालाई नगर कार्यपालिकाको कार्यालयले पाँच हजार रुपैयांसम्म जरीवाना गरी त्यस्तो संस्थाको चल अचल सम्पत्ति र कागजपत्र जफत गर्न सक्नेछ।

(२) दफा १० वमोजिम लेखाको विवरण नपठाएमा सो संस्थालाई नगर कार्यपालिकाको कार्यालयले पाँच हजार रुपैया जरिवाना गर्न सक्नेछ।

(३) दफा ११ वमोजिम लेखा जाँच गर्ने अधिकारीले मागेको विवरण नदिने, कागजपत्र नदेखाउने वा सोधेको प्रश्नको जवाफ नदिने संस्यालाई नगर कार्यपालिकाको कार्यालयले पाँच हजार जरिवाना गर्न सक्नेछ ।

**१४. निलम्बन र खारेजी :** (१) यस ऐन वमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्यगरेमा नगर कार्यपालिकाको कार्यालयले निलम्वन गर्न सक्नेछ :

(क) संस्था दर्ता अधिकारीले माग गरेको विवरण उपलव्ध नगराएमा,

(ख) तोकिएको कार्यक्षेत्रभन्दा वाहिर गई कार्य गरे गराएकोमा ।

(२) यस ऐन वमोजिम दर्ता भएका संस्थाहरुले देहायका कुनै कार्य गरे गराएमा नगर कार्यपालिकाको कार्यालयले त्यस्तो संस्था खारेज गर्न सक्नेछ ।

(क) अनुमति नलिई अर्को संस्थामा गाँभेमा,

(ख) संस्थाको उद्देश्य हेरफेर गरेको विषयमा नगर कार्यपालिकाको कार्यालयको पूर्व स्वीकृति नलिई कार्यान्वयन गरेमा,

(ग)नगर कार्यपालिका तथा नगर कार्यपालिका कार्यालयले दिएको निर्देशन पालना नगरेमा,

(घ) संस्थाको सम्पत्ति हिनामिना गरेमा,

(ङ) लगातार तीन वर्षसम्म संस्था नवीकरण नगराएमा।

(३) उपदफा (१) वमोजिम निलम्वन गर्दा वा उपदफा (२) वमोजिम खारेजी गर्नु भन्दा पहिला त्यस्तो संस्थालाई सफाइ पेश गर्ने मुनासिव मौका दिनु पर्नेछ।

(४) उपदफा (३) वमोजिम संस्थाले पेश गरेको सफाइ मुनासिव देखिएमा नगर कार्यपालिकाको कार्यालयले निलम्वनको प्रकृयालाई स्थगन गर्न सक्नेछ।

(५) उपदफा (१) र (२) वमोजिमको निर्णय चित्त नवुझेमा त्यस्तो संस्था वा पदाधिकारीले नगर प्रमुख समक्ष उजुरी गर्न सक्नेछ।

**१६. पुनरावेदन:**

दफा १४ वमोजिम नगर कार्यपालिकाको कार्यालयले गरेको निर्णयमा चित्त नवुझेमा ३५ दिनभित्र नगर प्रमुख समक्ष पुनरावेदन गर्न सकिनेछ।

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**१७. संस्थाको बिघटन वा खारेजी:**

(१) संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन वा खारेजी भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ।

**१८. नियम बनाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका वनाई कार्यन्वयन गर्न सक्नेछ।

**१९. संघीय वा प्रदेश ऐन बमोजिम दर्ता गर्नुपर्ने:** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा संघीय ऐन वा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना भएको मानिनेछ।

आज्ञाले,

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner